# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०११३


पत्र संख्या : ०८३/८४

सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको ओखलढुङ्गा २०७३

## शोक वक्तव्य

मिति २०८३ साल भदौ १० गते बुधवारका दिन रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको आकस्मिक तथा विनाशकारी बाढीका कारण भएको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति सिद्धिचरण नगरपालिका परिवार अत्यन्त मर्माहत भएका छौं। यस अप्रत्यासित प्राकृतिक विपद्का कारण आम नागरिक, बाह्य तथा आन्तरिक पर्यटक, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, विद्यार्थी लगायत ठूलो जनधनको क्षति हुनुका साथै नदी आसपासका बस्ती, सडक, पुल, जलविद्युत् आयोजना, व्यापारिक तथा सरकारी संरचना लगायतका महत्त्वपूर्ण भौतिक पूर्वाधारमा समेत ठूलो क्षति पुगेको घटनाले हामी सबैलाई स्तब्ध बनाएको छ।

हाम्रो देशले अकल्पनीय रुपमा भोगिरहेको यस दुःखद् घडीमा बाढी तथा विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन र बाढीबाट प्रभावित तथा पीडित सम्पूर्ण नागरिकप्रति गहिरो दुःख एवम् हार्दिक सहानुभुति व्यक्त गर्दछु। साथै, बाढीमा परी घाइते हुनुभएका र अस्पतालमा उपचार गराईरहनु भएका सबै नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता तथा जोखिममा रहनुभएका नागरिकहरूको तत्काल खोजी, सकुशल उद्धार, स्वास्थ्य उपचार तथा सुरक्षित पुनर्स्थापनाका लागि प्रभावकारी पहल र आवश्यक समन्वयका लागि सबै पक्षलाई हार्दिक अपिल गर्दछु।

यस विपद्को घडीमा हामी सबै पक्षबीच आपसी समन्वय, सहकार्य र एकता हुनु अपरिहार्य छ। प्रभावित नागरिकहरूको उद्धार, राहत, पुनर्स्थापना तथा आवश्यक सहयोगका लागि सिद्धिचरण नगरपालिकाको तर्फबाट सक्दो पहल, सहयोग, समन्वय र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

तेजन खनाल
नगर प्रमुख
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
मितिः २०८३।०५।११


E-mail: siddhicharanmunicipality@gmail.com Website: ttps://www.siddhicharanmun.gov.np